बैठक नं १०६

आज मिति २०८२ भाद्र महिनाको २० गते नेपाल सम्वत ११४५ ञंलाथ्व त्रयोदशी शुक्रबारको दिन विहान ११ बजे पालुङटार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | कमानसिं थापामगर | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | | |
| २ | राम जनम चौधरी | 11 | वैशाली | |

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
गण्डकी प्रदेश, नेपाल

विषयः पालुङटार नगरपालिकामा तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ पारित गर्ने सम्वन्धमा ।

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मितिः २०८२-०५-१७**

१. विषयको संक्षिप्त व्यहोरा : नगरपालिकाभित्र यातायात सेवालाई सहज बनाउन, तीन पाङ्ग्रे सवारी साधनलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले सोको सूचीकरण, नवीकरण र रुट इजाजत पत्रको समुचित व्यवस्थापन गर्न आवश्यक कार्यविधि बनाई सञ्चालन गर्न उपयुक्त हुने भएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (४) (ट) र पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनाएको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधिको प्रस्तावित मसौदा उपर विधायन समितिले दफावर छलफल गरी मस्यौदा पारित गर्न कार्यपालिकामा पेश गर्नको लागि यो प्रस्ताव पेश गरिएको छ ।

३. प्रस्ताव पेश गर्नुको कारण र सम्बन्धित शाखाको सिफारिस : नगरपालिकाभित्र यातायात सेवालाई सहज बनाउन, तीन पाङ्ग्रे सवारी साधनलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले सोको सूचीकरण, नवीकरण र रुट इजाजत पत्रको समुचित व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (४) (ट) र पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यविधिको मस्यौदा कार्यपालिकामा पेश गर्नको लागि यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनु पर्ने व्यहोरा : तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ पारित गर्ने।

Scanned with CamScanner

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

मितिः २०८२/०५/२०

**विषयः शिक्षा, युवा तथा खेलकुद शाखाबाट आ.व. २०८२/८३मा कार्यान्वयन हुने आन्तरिक स्रोत तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि सम्बन्धमा ।**

**कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति :- २०८२/०५/१७**

**१. बिषयको संक्षिप्त विवरण :**

पालुङटार नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद क्षेत्रलाई व्यवस्थित तथा प्रभावकारी बनाउन नगरसभाले आ.व. २०८२/८३ का लागि विभिन्न कार्यक्रम शीर्षकमा बजेट विनियोजन गरेको छ । विनियोजित बजेट तथा कार्यक्रम सबैको अलग-अलग कार्यविधिसमेत नबनेको परिप्रेक्ष्यमा उक्त बजेट कार्यान्वयनमा प्रभावकारीता, मितव्ययिता कायम गर्दै उच्च प्रतिफलयुक्त बनाउनको लागि कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माण र कार्यान्वयन गर्न आवश्यक देखिएको छ ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :**

नेपालको संविधानको अनुसूची ८ बमोजिम आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय सरकारको एकल अधिकार सूची भित्र रहेको छ । अनूसूची ९ मा तीनै तहको साझा अधिकार भित्र शिक्षा तथा पत्रपत्रिका रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज बमोजिमका २३ वटा अधिकारहरु रहेको छ। उक्त अधिकारहरु उपयोगका लागिगाउँ तथा नगरसभाले आवश्यक कानुन बनाउन सक्ने प्रावधानसंविधानको धारा २२६ मा अनूसूची ८ र ९ मा उल्लेखित विषयमा र ऐनको दफा १०२ (१) को अधिकार उपयोग गरी रहेको छ ।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र सम्बन्धित शाखाको सिफारिसः**

नगर भित्रका प्रत्येक नागरिकलाई अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा तथा निशुल्क माध्यमिक शिक्षामा पहुँचको सुनिश्चितता गर्दै गुणस्तर अभिवृद्धिमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी नागरिक उत्पादनका लागिका लागि स्थानीय सरकारको प्रमुख भुमिका रहेको हुन्छ । संघीय बजेट तथा कार्यक्रमले सम्बोधन गर्न नसकेको विषय तथा स्थानीय परिवेश अनुकुलका आवश्यकताहरुमा स्थानीय सरकारले बजेट तथा कार्यक्रम बनाइ कार्यान्वयन गर्नुपर्ने हुन्छ । प्रचलित कानुनको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नका लागि आफ्नो कानुन आँफै बनाइ बजेट कार्यान्वयनमा प्रभावकारीता, मितव्ययिता कायम गर्दै उच्च प्रतिफलयुक्त बनाउनको लागि कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माण गर्न उपर्युक्त देखि सिफारिस गरिएको छ।

**४. निर्णय हुनुपर्ने व्यहोराः**

क. शिक्षा, युवा तथा खेलकुद शाखाबाट आ.व. २०८२/८३ मा कार्यान्वयन हुने आन्तरिक स्रोत तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि मस्यौदा विधायन समितिमा छलफलको लागि पठाउने।

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

मितिः २०८२/०५/२०

विषयः समायोजन भएका विद्यालयहरुको जग्गा र भवन उपयोग सम्बन्धमा ।

कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति :- २०८२/०५/१७

१. बिषयको संक्षिप्त विवरण :

पालुङटार नगरपालिका भित्र सञ्चालित विद्यालयहरुमा विद्यार्थी संख्याको कमी भएका कारण नगर कार्यपालिकाले विभिन्न समयमा विद्यालयहरु समायोजन गर्ने, कक्षा घटाउने कार्य गर्दै आएको छ । हालसम्म २२ वटा सामुदायिक विद्यालयहरु समायोजन भइ सकेका छन् । यसरी समायोजन भएका विद्यालयका शैक्षिक तथा प्रशासनिक दस्तावेजहरु वडा शिक्षा समितिको निर्णयानुसार समायोजन भएका विद्यालयमा नै लगत कायम गरी राखिएको भएतापनि विद्यालय रहेको जग्गा र भवनहरु उपयोगमा आउन सकेका छैनन् । यी सम्पत्तिहरुलाई संरक्षण तथा सदुपयोग आवश्यक रहेको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२)(ज) ले गाउँपालिका तथा नगरपालिकालाई आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी २३ वटा काम, कर्तव्य र अधिकार प्रदान गरेको छ। सोही दफा ११(२)(ज) को देहाय (५) र (९) ले क्रमशः गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन र सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनको अधिकार नगरपालिकालाई छ। उक्त ऐनकै दफा ५९मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउनेछ भन्ने उल्लेख भएको छ ।

यस सन्दर्भमा स्थानीय सरकारको दायित्व निर्वाह तथा उपलब्ध स्रोत साधनको समुचित उपयोगमार्फत सेवा प्रवाह, शैक्षिक विकास, आर्थिक-सामाजिक विकास, स्थानीय उद्योग तथा उत्पादनलाई अझ बढी प्रभावकारी बनाउन पालुङटार नगरकार्यपालिकाले विभिन्न समयमा समायोजन गरेका विद्यालयहरुको जग्गा र भवनहरु संरक्षण तथा सदुपयोग गर्न जरुरी रहेको छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र सम्बन्धित शाखाको सिफारिसः

यस नगरको बदलिंदो जनसाँख्यिक अवस्थासँगै विद्यार्थी सङ्ख्यामा आएको कमि र आधारभूत पूर्वाधारका विकासका कारण साना तथा विद्यार्थी कम भएका विद्यालयहरु समायोजन गर्ने क्रम जारी छ। नगरकार्यपालिकाको विभिन्न समयको निर्णय बमोजिम २२ वटा विद्यालय समायोजन भएका छन् । ती विद्यालका खाली जग्गा र भौतिक सम्पत्तिको उपयोग गर्न जरुरी रहेको छ ।सोही प्रयोजनका लागि समायोजन भएका विद्यालयको भौतिक सम्पत्ति अध्ययन तथा मूल्याङ्कन समितिको गठन भइ प्रतिवेदन समेत आइसकेको छ ।सोही प्रतिवेदनका आधारमा भौतिक सम्पत्ति तथा जग्गाको उपयोगका लागि निर्णय हुन उपर्युक्त देखिन्छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क. समायोजन भएका विद्यालयको भौतिक सम्पत्ति अध्ययन तथा मूल्याङ्कन समितिको प्रतिवेदन सामाजिक विकास समितिमा अध्ययनको लागि पठाउने ।

कमानसिं थापामगर

प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पालुङ्टार, गोरखा
गण्डकी प्रदेश, नेपाल

मिति २०८२।०५।२०

**विषय :- अध्ययन पूर्व स्वीकृती सम्बन्धमा ।**

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मिति :- २०८२/०५/१७ गते**

**१.संक्षिप्त व्यहोरा :** प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखराको च.नं. १२६ मिति २०७९/०५/०२ गतेको सिफारिस पत्र अनुसार यस पालुङटार नगरपालिकामा मिति २०७९/०५/०५ गते नियुक्ति भइ निरन्तर रुपमा सेवा गर्दै आउनु भएका जनस्वास्थ्य अधिकृत/सातौं तह, श्री सृजना पोखेलले मिति २०८२/०५/१५ गते अध्ययन बिदाको पूर्व स्वीकृती लिनका लागि निवेदन पेश गर्नु भएको ।

**२.प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :** यस नगरपालिका अन्तरगत स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य अधिकृत/ सातौं श्री सृजना पोखेल निजको शैक्षिक योग्यता स्नातक मात्र भएकोले स्नातकोत्तर तह अध्ययन गर्नका लागि प्रवेश परिक्षामा सहभागी हुन पूर्व स्वीकृती माग गर्नु भएकोले स्थानीय सेवा ( गठन तथा संचालन ) नियमावली २०८० को नियम ९५ अनुसार स्वदेशी तथा विदेशी शैक्षिक संस्थाहरुमा पूर्ण वा आंशिक छात्रावृत्तिमा अध्ययनका लागि प्रतिस्पर्धा गर्न कार्यपालिकाले पूर्व स्वीकृति प्रदान गर्नु पर्ने व्यवस्था छ ।

**३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको सिफारिस :** स्थानीय सेवा (गठन तथा संचालन) नियमावली २०८० को नियम ९५ को उपनियम १ अनुसार यस नगरपालिका अन्तरगत स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य अधिकृत/ सातौं तहका श्री सृजना पोखेलले जनस्वास्थ्य विषयमा स्नातकोत्तर तह अध्ययन गर्नका लागि प्रवेश परिक्षामा सहभागी हुन पूर्व स्वीकृती माग गर्नु भएकोले स्थानीय सेवा ( गठन तथा संचालन ) नियमावली २०८० को नियम ९१ को (ग) मा अध्ययनको हकमा तीन वर्ष स्थायी सेवा अवधि पूरा भएकोले नियम ९५ बमोजिम पूर्व स्वीकृतीका लागि कार्यपालिका बैठकमा पेश गरिएको छ ।

**४.निर्णय हुनुपर्ने ब्यहोरा :** "स्थानीय सेवा ( गठन तथा संचालन ) नियमावली २०८०" को नियम ९५ को उपनियम १ बमोजिम स्वदेश वा विदेशमा निजी प्रयासमा अध्ययन गर्न चाहने कर्मचारीले अख्तियारवालाको पूर्व स्वीकृती लिनु पर्ने व्यवस्था भएकोले जनस्वास्थ्य अधिकृत श्री सृजना पोखेललाई जनस्वास्थ्य विषयमा स्नातकोत्तर अध्ययनका लागि प्रतिस्पर्धामा भाग लिन पूर्व स्वीकृती दिने ।

Scanned with CamScanner